# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, पुस ११ गते, २०७९ साल (संख्या ५०

## भाग ३

### नेपाल सरकार

### गृह मन्त्रालयको

### सूचना

नेपाल सरकार, गृह मन्त्रालयले सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम १६७ ले दिएको अधिकार प्रयोग गरी सो नियमावलीको अनुसूची-१५ मा देहाय बमोजिम हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) खण्ड (क) को,-

(१) क्र.स. ९ को सट्टा देहायको क्र.स. ९ राखिएको छः-

"९. टयाकसुट/पि.टी.गञ्जी/पि.टी. कट्टु१/१जोर १ वर्ष"

(२) क्र.स. १० को सट्टा देहायको क्र.स. १० राखिएको छः-

"१०. स्पोर्ट्स/पि.टी. जुत्ता १ जोर १ वर्ष"

(३) क्र.स. १४ को सट्टा देहायको क्र.स. १४ राखिएको छः-

"१४. कम्बल १ वटा २ वर्ष"

(४) क्र.स. २५ को कोष्ठ भित्र रहेको "सिनियर" भन्ने शव्द झिकिएको छ ।

(५) क्र.स. २९ को सट्टा देहायको क्र.स. २९ राखिएको छः-

"२९. गरम र जाडो मौसमको सेरिमोनियल सेट (राजपत्राङ्कित अधिकृत र सेरिमोनियल कार्यक्रमहरुमा भाग लिने अन्य सशस्त्र प्रहरी कर्मचारीहरुको लागि मात्र) १/१थान ७ वर्ष"

(ख) खण्ड (घ) को,-

(१) क्र.स. ४ को सट्टा देहायको क्र.स. ४ राखिएको छः-

"४. स्नो पार्क ज्याकेट/डाउन ज्याकेट १ थान ५ वर्ष"

(२) क्र.स. ६ को सट्टा देहायको क्र.स. ६ राखिएको छः-

"६. हिमाली चुस्ता १ जोर २ वर्ष"

(ग) खण्ड (च) झिकिएको छ ।

(घ) खण्ड (छ) को क्र.स. (२) को सि.नं. १ को सट्टा देहायको सि.नं. १ राखिएको छः-

"१. सबै स्वास्थ्य प्राविधिक सेतो टेरिकटन एप्रोन - १थान २ वर्ष"

(ङ) खण्ड (छ) को क्र.स. (२) को सि.नं. १ पछि देहायको सि.नं. १क. थपिएको छः-

"१क. सबै स्वास्थ्य प्राविधिक सेतो टेरिकटन स्क्रब - १ थान १वर्ष"

(च) खण्ड (छ) पछि देहायको द्रष्ट्रव्य थपिएको छः-

"**द्रष्टव्यः** १. यो अनुसूचीमा उल्लिखित संस्थागत रुपमा प्रयोग हुने सामानहरुको खर्च भएर जाने र खर्च भएर नजाने स्पष्ट रुपमा वर्गीकरण गरी अभिलेख तयार पारी कार्यालयले हस्तान्तरण गर्ने गरी व्यवस्थापन गरिनेछ ।

२. एक वर्ष भन्दा बढी अवधिसम्म प्रयोग गर्न सकिने खर्च भएर जाने व्यक्तिगत सामानहरु पुनः प्रयोग गरिनेछ।"

**आज्ञाले,**
**विनोद प्रकाश सिंह**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६३।६३